बैठक संख्या - ६५

समय:- साझँको ४.०० बजे

आज मिति २०८१ साल पुष महिनाको ६ गते शनिबारको दिन हुप्सेकोट गाउँ कार्यपालिकाको कार्यालयमा यस गाउँपालिका अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डेज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिती

श्री लक्ष्मी देवी पाण्डे – अध्यक्ष

श्री पूर्ण सिं राना मगर – उपाध्यक्ष

श्री रेवती सारु (मगर) – कार्यपालिका सदस्य एवं गाउँपालिका प्रवक्ता

श्री प्रेम बहादुर घर्ती - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं १

श्री कृष्ण बहादुर थापा - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं २

श्री विष्णु राना (मगर) - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ३

श्री महेन्द्र पाण्डेय - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ४

श्री पदम बहादुर राना मगर - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ५

श्री छम बहादुर सोमै मगर - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ६

श्री उर्मिला महतो - कार्यपालिका सदस्य

श्री तुलीसरा सोमै मगर - कार्यपालिका सदस्य

श्री बिनीसरा ढेंगा मगर - कार्यपालिका सदस्य

श्री मोतीलाल कुमाल - कार्यपालिका सदस्य

श्री केमान सिंह - कार्यपालिका सदस्य

श्री हरि प्रसाद पराजुली - प्रमुख प्रशासकिय अधिकृत, सदस्य – सचिव

अन्य उपस्थिती –

श्री राजेन्द्र प्रसाद रेग्मी – लेखा अधिकृत

श्री रवि काफ्ले – प्रशासकीय अधिकृत

श्री कृष्ण नाम्‍ाङ् -सूचना प्रविधि अधिकृत

CS CamScanner

**प्रस्ताव नं. १ सहयोग सम्बन्धमा।**

**निर्णय नं. १**

प्रस्ताव न १ माथि छलफल गर्दा हुप्सेकोट गाउँपालिका वडा नं. २ मा रहेको चन्द्र सुर्य युवा क्लवलाई खुला टोल स्तरिय भलिवल प्रतियोगिता सञ्चालन गरि माग भएको रकम रु. २०,०००। निकासा दिने निर्णय गरियो।

**प्रस्ताव नं. २ मर्मत सम्बन्धमा।**

**निर्णय नं. २**

प्रस्ताव न २ माथि छलफल गर्दा हुप्सेकोट गाउँपालिकाको वडा नं. २, चपाहाको बालहित प्राथमिक विद्यालयको शौचालय मर्मत गर्दा वापतको रकम यस गा.पा.को विनियोजित बजेटको क्र.सं.१३३ "अन्य पूर्वाधार विकास कार्यक्रम" शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ३ विद्यालय छनौट सम्बन्धमा।**

**निर्णय नं. ३**

प्रस्ताव न ३ माथि छलफल गर्दा हुप्सेकोट गाउँपालिकामा हाल सञ्चालित Right For Children संस्थाले ४ वटा विद्यालय छनौटका लागि तपसिलका विद्यालयहरुमा कार्य गर्ने निर्णय गरियो ।

तपसिल

१. नमुना आ.वि. सटकुन
२. शिक्षा बोधनी मा.वि. रुद्रपुर
३. हुप्सेकोट मा.वि. रुम्सी
४. जनता मा.वि. गुँहिरी

**प्रस्ताव नं. ४ तारजालि र ह्युम पाइप खरिद सम्बन्धमा।**

**निर्णय नं. ४**

प्रस्ताव न ४ माथि छलफल गर्दा हुप्सेकोट गाउँपालिका भित्रका विपद् व्यवस्थापनका लागि गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम सि.नं.१५५ र १५६ को तारजाली/ह्युम पाइप खरिद सबै वडामा शिर्षकबाट खरिद गर्नका लागि माग फाराम संकलन गरी माग बमोजिम खरिद प्रक्रिया अगाडि बढाउने भनि निर्णय गरियो।

CamScanner

प्रस्ताव नं. ५ हिंउदे सभा सम्बन्धमा।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा हिउदे गाउँ सभा मिति २०८१ साल पौष महिना २६ गते शुक्रवार गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६ योजनाको म्याद थप सम्बन्धमा।

निर्णय नं. ६

प्रस्ताव न ६ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १ मा सञ्चालनमा रहेको चालु आ.व.को पत्थर खोला कुलो मर्मत जुकेपानी तर्फको योजनाको म्याद पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ७ कृषि उपज संकलन केन्द्रको दिगो व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. ७

प्रस्ताव न ७ माथि छलफल गर्दा यस गाउँपालिकाबाट उत्पादित कृषि उपजहरुको बजार सम्भावना अध्ययनका लागि कृषि उपज संकलन केन्द्र सञ्चालन तथा दिगो व्यवस्थापनका लागि १ महिनाको विशेष कार्यदल तपशिल बमोजिमको कार्यदल निर्माण गरि कार्यन्वयन गर्ने

१. कृष्ण बहादुर थापा - वडा नं. २, अध्यक्ष
२. पदम बहादुर राना मगर - वडा नं. ५, अध्यक्ष
३. महेन्द्र पाण्डेय - वडा नं. ४, अध्यक्ष
४. रवि काफ्ले - सदस्य सचिव

प्रस्ताव नं. ८ मापदण्ड निर्माण सम्बन्धमा।

निर्णय नं. ८

प्रस्ताव न ८ माथि छलफल गर्दा चालु आ.व. को तपशिल बमोजिमका कार्यक्रमहरुको सूचना आह्वानका लागि महिला सहकारी मार्फत पोषिलो पिंठो उत्पादन कार्यक्रमका लागि कार्यपालिका स्तरिय तपशिलका अनुगमन तथा कार्यन्वयन समिति निर्माण गरि कार्यन्वयन गर्ने, कार्यन्वयनको लागि मापदण्ड यथाशिघ्र तयार गरी सूचना प्रकाशन गर्ने

क) रेवती सारु - संयोजक
ख) उर्मिला महतो — सदस्य
ग) तुलिसरा सोमै मगर — सदस्य
घ) विन्दु थापा — सदस्य-सचिव

CamScanner

कार्यपालिकाको मिति २०८१ पौष ६ गतेको निर्णय बैठक संख्या ६५

प्रस्ताव नं. ९ साझा चौतारी अन्तरकृया कार्यक्रम कार्यन्वयन सम्बन्धमा।

निर्णय नं. ९

प्रस्ताव न ९ माथि छलफल गर्दा साझा चौतारी अन्तरक्रिया कार्यक्रम सञ्चालन तथा समन्वय गर्नका लागि लेखा अधिकृत श्री राजेन्द्र प्रसाद रेग्मी लाइ जिम्मेवारी दिने निर्णय गरियो।

प्रस्ताव नं. १० क्षमता विकास योजना र आन्तरिक नियन्त्रण प्रणाली निर्माणका लागि कार्यदल सम्बन्धमा।

निर्णय न १०

प्रस्ताव न १० माथि छलफल गर्दा क्षमता विकास योजना र आन्तरिक नियन्त्रण प्रणाली निर्माण कार्यदल तपशिल बमोजिम गठन गर्ने

क) विष्णु राना — संयोजक

ख) राजेन्द्र प्रसाद रेग्मी — सदस्य

ग) विनोद अर्याल — सदस्य

घ) हिमकला भट्टराई — सदस्य — सदस्य

ङ) राजु पौडेल — सदस्य

च) रवि काफ्ले — सदस्य सचिव

प्रस्ताव नं. ११ डिजिटल घरधुरी नम्बर वितरण सम्बन्धमा।

निर्णय नं. ११

प्रस्ताव न ११ माथि छलफल गर्दा डिजिटल घरधुरी नम्बर वितरण सम्बन्धमा तपशिलको कार्यदल गठन गरि कार्यन्वयन गर्ने निर्णय गरियो।

क) विष्णु राना — संयोजक

ख) राजु पौडेल — सदस्य

ग) कृष्ण तामाङ — सदस्य सचिव

CamScanner

कार्यपालिकाको मिति २०८१ पौष ६ गतेको निर्णय बैठक सङ्ख्या ६५

**प्रस्ताव नं. १२ हुलाक कार्यालय खर्च व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. १२**

प्रस्ताव न १२ माथि छलफल गर्दा स्थानीय हुलाक कार्यालयका लागि कार्यालय व्यवस्थापन खर्च दिने सम्बन्धमा।

**प्रस्ताव नं. १३ आय व्ययको प्रक्षेपण सम्बन्धमा।**

**निर्णय नं. १३**

प्रस्ताव न १३ माथि छलफल गर्दा पौष महिनाको मसान्त सम्ममा MTEF को ३ वर्षे बजेट योजना सहितको आय-व्यायको प्रक्षेपण सहित प्रतिवेदन यथाशिघ्र तयार गरि पठाउने।

**प्रस्ताव नं. १४ सम्बन्धमा।**

**निर्णय नं. १४**

प्रस्ताव न १४ माथि छलफल गर्दा फोहोरमैला व्यवस्थापन केन्द्र वडा न २ को कोलियामा वडाका जनप्रतिनिधिहरुले आवश्यक छलफल गरी उचित स्थानको पहिचान गरी गण्डकी प्रदेश विशेष योजनाको फोहोरमैला व्यवस्थापन र प्राङ्गारिक मल निर्माण शिर्षकमा विनियोजित बजेटबाट लागत अनुमान तयार गरी स्थापना गर्ने निर्णय गर्ने।

**प्रस्ताव नं. १५ ज्यालादारीमा सरसफाइ सहयोगी नियुक्त गर्ने सम्बन्धमा।**

**निर्णय नं.१५**

प्रस्ताव न १५ माथि छलफल गर्दा यस गाँउपालिकाका गाँउकार्यपालिकाको कार्यालयमा सरसफाइ लगायतका कार्य गर्नका लागि यस गाँउपालिका वडा न ५ निवासी श्री नुनमाया सारुलाई ज्यालादारीमा कार्यालय सहयोगी पदमा नियुक्त गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १६ रकमान्तर सम्बन्धमा।**

**निर्णय नं. १६**

प्रस्ताव न १६ माथि छलफल गर्दा कुनै चालु तथा पुँजिगत खर्चमा रकमान्तर गर्ने र नया ऐन निर्माण तथा संशोधनको लागि वडाकार्यसमिति र विषयगत शाखोहरुलाई निर्देशन दिने।

**प्रस्ताव नं. १७ सिफारिस सम्बन्धमा।**

**निर्णय नं. १७**

CamScanner

कार्यपालिकाको मिति २०८१ पौष ६ गतेको निर्णय बैठक सङ्ख्या ६५

प्रस्ताव न १७ माथि छलफल गर्दा यस यस हुप्सेकोट गाँउपालिका ४ न. वडा कार्यालयको च.न. ५२६ मिति २०८१/८/२१ गतेको सिफारिस पत्रानुसार यस गाँउपालिका वडा न ४ अन्तरगत रातोमाटो खोजतलास अनुमतिपत्र न ५७/०७७/७८ जारी मिति २०७७/१०/९ का प्रोप्राइटर तपाइ श्री बद्धि बहादुर भण्डारीले जिल्ला नवलपरासी साविक धौवादी गा.वि.स. वडा नं. ७ हाल हुप्सेकोट गाँउपालिका वडा न. ४ स्यात भैंसेघाट क्षेत्रमा पर्ने श्री कृष्ण भण्डारी सहित १३ जनाको मंजुरीनामा पेश गरेका जग्गा सम्बन्धित निकायबाट आवश्यक स्विकृती लिई माटो खानि खोजतलास, सम्माउने साथै बिक्रि वितरण समेत गर्नका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको कार्य सम्बन्धमा जनप्रतिनिधिहरु समेतको रोहबरमा सार्वजनिक सुनुवाइ कार्य सम्पन्न गरी खोजतलास कार्यको लागि त्यस क्षेत्रमा रहेको रातो माटो उत्खनन गर्दा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभावको बारेमा सिफारिस माग भइ आएकोमा यस गाँउपालिका अन्तर्गत चुरे क्षेत्रमा पर्ने उक्त वडाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको अधिनमा रहि यस गाँउपालिकाको माटो उत्खनन ओसारपसार तथा बिक्रि वितरण व्यवस्थित गर्ने कार्यविधि २०७६ ले तोकेको शुल्क समेतलाइ मध्यनजर गर्दै खानि तथा खनिज पदार्थ नियमावली २०५६ बमोजिम हुने गरी देहायबमोजिम सकारात्मक र नकारात्मक प्रभाव सिफारिस गर्ने निर्णय गरियो।

(क) सकारात्मक प्रभाव:

१. रातो माटो खानीको लागि यस गाउँपालिकाको वडा नं. ४ क्षेत्रमा लगानी भित्रनु नै आफैमा लगानी मैत्री वातावरणको लागि यस गाउँपालिकामा संदेश प्रभाव हुने।

२. स्थानियहरुलाई, सिप, दक्षता र क्षमताको आधारमा रोजगारी प्रथामिकता दिईने हुँदा रोजगारी प्रवर्द्धन हुने।

३. खानीको संचालनले समग्र राज्यको संरचनागत तहहरुमा राजस्व तथा कर प्रणालीमा आर्थिक योगदान पुग्ने ।

४.संस्थागत सामाजिक उत्तरदायित्व समेत निर्वाहा मार्फत उक्त क्षेत्रको विकासमा टेवा पुग्न सक्ने

(ख) नकारात्मक प्रभाव: कतिपय किटपतङ्गहरुको सो क्षेत्रबाट विस्थापित हुने हुँदा जैविक विविधताका साथै खाद्य चक्र र खाद्य सृंखलामा नगन्य असर पर्न सक्ने।

उल्लेखित योजना कार्यन्वयन गर्न मिल्ने आधार

यस गाँउपालिकाका जनप्रतिनिधिहरु समेतको रोहबरमा सार्वजनिक सुनुवाइ सम्पन्न भएको।

कम्पनीको सामाजिक उत्तरदायित्व वहन मार्फत सो क्षेत्रको विकासमा टेवा पुग्न सक्ने देखिएको।

समग्र राष्ट्रले प्रवर्धन गरेको उद्योग नीतिमा योगदान पुग्ने देखिएको।

स्थानीय तहको राजश्व प्रवर्द्धन क्षमतामा अभिवृद्धि हुने देखिएको।

कार्यपालिकाको मिति २०८१ पौष ६ गतेको निर्णय          बैठक सङ्ख्या ६५

**प्रस्ताव नं. १८ गुनासो सुनुवाइ अधिकारी सम्बन्धमा।**

**निर्णय नं. १८**

प्रस्ताव न १८ माथि छलफल गर्दा भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय प्रशासन, सहकारी तथा गरिवि निवारण महाशाखाको च न ३१५ मिति २०८१।०७।२३ गतेको पत्रबाट यथासिघ्र २ जना गुनासो सुनुवाइ अधिकारीको नियुक्त गरी पठाइदिनुहुन अनुरोध भइ आएकोले प्रविणता तह वा सो भन्दा माथि योग्यता भएका हुप्सेकोट गाँउपालिका वडा न ४ निवासी श्री विद्या पाण्डे र हुप्सेकोट गा पा वार्ड न ३ बस्ने श्री पुजा सारुलाई गुनासो सुनुवाइ अधिकारी नियुक्त गरिएकोमा पुजा सारुले राजिनामा दिएकोले निजको स्थानमा वडा न १ निवासी दिलमाया तामाङलाई नियुक्त गरी अभिमुखिकरणका लागि पठाइदिने निर्णय गरियो।

**प्रस्ताव नं. १९ डिजिटल घर नक्सा सम्बन्धमा।**

**निर्णय नं. १९**

प्रस्ताव न १९ माथि छलफल गर्दा डिजिटल घर नक्सा निर्माण कार्यको लागि ए एन सि को हालसम्मको रकम भुक्तानि नदिने र अब आपसि समझदारीमा सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव न. २० प्रधानमन्त्रि रोजगार कार्यक्रम सम्वन्धमा।**

**निर्णय न. २०**

प्रस्ताव न. २० माथि छलफल गर्दा आ.व.२०८१/०८२ मा यस गाउँपालिकाका योजनाहरुमा प्रधानमन्त्रि रोजगारसंग साझेदारी र साझेदारी वाहेकका तपशिल वमोजिमका योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो ।

तपशिलः

<u>वडा नं.१</u>

१. जुगेपानी कृषि सडक ग्रावेल तथा वाल निर्माण (साझेदारी)
२. स्कुल मार्ग जनता मा वि पछाडीको बाटो ग्रावेल तथा वाल निर्माण(साझेदारी)
३. मनकामना मार्ग (साझेदारी)
४. जुगेपानी तामाङचोक देखि चर्च घर हुँदै सम्झना चोक सम्मको वाटो स्तरोन्नती (साझेदारी)
५. वडा कार्यालय भवन देखि जिल्ला अस्पताल कावासोति सम्म जाने बाटो मर्मत

CamScanner

६. पत्थर खोला तटबन्धन

७. नमुना सडक स्तरोन्नती

<u>वडा नं.२</u>

१. गर्भे झरना व्यवस्थापन (साझेदारी)

२. डहर नं.५ स्तरोन्नती (साझेदारी)

३. बयरघाट पुल गेलाङ टोल र सारु टोल राक्से बाटो स्तरोन्नती (साझेदारी)

४. झ्यालबांस गुहेरी जोड्ने झोलुङ्गे पुलको बाटो निर्माण

<u>वडा नं.३</u>

१. खगनाथ पोखेलको घर देखि राम माया फालको घर सम्म बाटो स्तरोन्नति

२. नैनसिह परियारको घर देखि बिशाल चोक सम्मको बाटो स्तरोन्नति

३. चौरङ्गि चोक देखि घर्ति टोल हुँदै हुप्सेकोट शिक्षालयसम्म सडक स्तरोन्नती साझेदारी

४. चित्र बहादुर वि क को घर देखि चौकि चोक सम्मको बाटो स्तरोन्नती साझेदारी

<u>वडा नं.४</u>

१. देउराली सहरी खानेपानि टयाङ्की देखि बारकोट जाने बाटो तथा पैदल मार्ग स्तरोन्नती

२. झोलुङ्गे पुल देखि बोचादी जाने बाटो स्तरोन्नती

<u>वडा नं. ५</u>

१.रुपा देवी मन्दिर सिडि तथा बाटो निर्माण

२. ओरनघाट पुल देखि पाकरी थुम्का जाने बाटो स्तरोन्नती

३. बेलौति डाँडा देखि स्कुल टोल हुदै बसनि झरना जाने बाटो स्तरोन्नती

<u>वडा नं.६</u>

१. मुरली खोला देखि अगेनी, विरुखर्क वर भन्ज्याङ्ग चौपारीसम्म मोटरबाटो

२. ज्याख्रे भन्ज्याङ्ग देखि जाल्मा डहर स्वामी हुदै भडारी रिपाहा, जगदेव, जोल्टे पोखरासम्मको मोटर बाटो

३. वारीपारी दमार विच वाध खोलामा ग्याविन जाली भर्ने

४. वाहुन चौपारी देखि रमिते हुदै निस्दी ३ को सिमान नारी भन्ज्याङ्ग सम्मको बाटो

५. हुप्सेकोट मा वि शाखा नं ५ स्वामी डाँडामा पाँच स्थानमा ग्याविन जाली भर्ने

६. विरुखर्क र साडा भन्ज्याङ्ग विच घुम्तिमा ग्याविन् जाली भर्ने

७. रोतलकि देखि कुरिनटार, स्कुल टोल, सडा भन्ज्याङ हुँदै मौलाघर जाने बाटो स्तरोन्नती